जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ 

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष २९ अंक १७५ २०७६ साल माघ २७ गते सोमबार (10 Feb. 2020 Monday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- कुनै अभियोगमा कसूरदार ठहर भए पछी मात्र सजाय निर्धारण हुने,
- बालबालिकालाई सजाय निर्धारण गर्दा बालबालिकाको सर्वोत्तम हित समेतलाई विचार गर्नु पर्ने,
- जरिवाना लागेको व्यक्तिले किस्ताबन्दीमा जरिवाना तिर्न सकिने,
- पीडितलाई पुगेको भौतिक, शारीरिक, मानसिक, भावनात्मक क्षतिवापत क्षतिपूर्ति भराई दिनु पर्ने,
- कैदको विकल्पको रुपमा सामुदायिक सेवा, सुधार गृह, पुनर्स्थापना केन्द्र, खुला कारागार, प्यारोल, कैद वापत श्रम सामाजिकीकरण लगायतका उपाय अवलम्बन गर्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*Log on : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : दुई महिना भित्रै हाटीमा पुर्ण ..४ पृष्ठमा : राजबिराजमा सवारी दुर्घटना... ४ पृष्ठमा : कार्यकर्ता रिहाईको ...

# रामराजा स्वास्थ विज्ञान प्रतिष्ठानको काम समय भित्रै शुरु हुने : प्याकुरेल

**दैनिक समाचरादाता**
**राजविराज, २६ माघ ।**

नेकपाका केन्द्रीय सदस्य एवम् राष्ट्रिय सभा सदस्य सुमन राज प्याकुरेलले राजविराजमा निर्माण हुने भनिएको रामराजा प्रसाद सिंह स्वास्थ विज्ञान प्रतिष्ठानको काम समय भित्रै शुरु हुने भएकोले यसका लागि सबैको सहयोग अपरिहार्य रहेको बताउनुभएको छ ।




आईतवार नेपाल राष्ट्रिय वाणिज्य संघ सप्तरीद्वारा आयोजना गरिएको 'रामराजा प्रसाद सिंह स्वास्थ विज्ञान प्रतिष्ठान सम्बन्धि अन्तरक्रिया कार्यक्रम'मा प्रमुख अतिथिको आसनबाट बोल्दै उनले यस्तो जानकारीसँगै सहयोगका लागि आग्रह गरेका हुन् । सप्तरी क्षेत्र नं. २ का सांसद तथा तत्कालीन उपप्रधान तथा स्वास्थ्य एवम् जनसंख्या मन्त्री उपेन्द्र यादवको समयमा प्रतिष्ठान स्थापनाका लागि पूर्वाधार तयारी विकास समितिको कार्यालय स्थापना भई प्रारम्भिक कार्यको लागि ४० करोड बजेट समेत छुट्याइएको थियो । तर यादव मन्त्री पदबाट हटेपछि प्रतिष्ठानको काममा अवरोध पो आउने हो कि ? भन्ने आशंकालाई चिर्दै प्याकुरेलले यसमा कुनै पनि शंका उपशंकाको गुन्जाईस नरहेको बताए ।

'राजविराजमा रामराजा प्रसाद सिंह स्वास्थ विज्ञान प्रतिष्ठान स्थापना सप्तरीवासीले मात्र होइन प्रधानमन्त्री केपी ओलीको समेत सपना हो, उनले भने-प्रधानमन्त्री केपी ओलीले नै यसको शिलान्यास र उद्घाटन समेत गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।'

प्रधानमन्त्रीले नै प्रतिष्ठान स्थापनामा विशेष चासो राखेको बताउँदै नेता प्याकुरेलले यो काम कुनै पनि हालतमा नरोकिने दावी गर्दै भने- प्रतिष्ठानका लागि तपाईहरुले गठन गर्नुभएको दवाव समिति र संघर्ष समिति आजै

*बाँकी चार पृष्ठमा*

# बिकास र सम्बृद्धिका लागि दलहरु एकजुट हुनु आबश्यक : अध्यक्ष यादव

**दैनिक समाचरादाता**
**राजविराज, २६ माघ ।**

समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले बिकास र सम्बृद्धिका लागि सबै दल एकजुट हुनुपर्ने बताउनुभएको छ ।




समसमायिक परिस्थिति बिषयमा सप्तरी सदरमुकाम राजविराजमा आईतवार आयोजित सर्बपक्षिय अन्तरक्रिया कार्यक्रममा बोल्नुहुँदै अध्यक्ष यादवले मुलुकको बिकाससँगै अधिकार प्राप्तिका लागी सबै दल एक ढिक्का भएमात्र सम्भव हुने बताउनुभयो ।

संबिधान संशोधनका लागि आफ्नो पार्टी सरकारमा गएको बताउनुहुँदै अध्यक्ष यादवले सरकार संबिधान संशोधन गर्न तयार नभएपछि सरकारबाट बाहिरिएको बताउनुभयो ।

राजविराज नगरपालिकालाई शैक्षिक केन्द्रको रूपमा बिकास गर्ने तर्फ अगाडी बढनुपर्नेमा जोड

*बाँकी तीन पृष्ठमा*

## बुध्द एयरको दैनिक उडान अब राजविराजबाट पनि यही माघ १८, फेब्रअरी १ देखि




बुध्द एयरको वेवसाईट buddhaair.com तथा मोबाईल एपबाट उडानको समय, तालिका, भाडादर हेर्न र सजिलैसँग टिकट खरिद गर्न सकिन्छ ।

**थप जानकारीका लागि**

**गजेन्द्र नारायण सिंह अस्पतालको दक्षिण गेट अगाडी, राजविराज**

**फोन नं. : 031-522408/09**

## दादुरा रुवेला खोप अभियान

**दादुरा रुवेला खोप लगाऔं । आ-आफ्नो बालबालिकाहरुलाई दादुरा रुबेला रोगबाट बचाऔं ।**

यही फाल्गुन १ गतेदेखि नगरपालिका/गाउँपालिकाको सबै वडाहरुमा दादुरा रुवेला खोप अभियान संचालन हुदैछ । यस अभियानमा **९ महिना देखि ५ वर्ष मुनिका** सम्पूर्ण बालबालिकालाई दादुरा रुवेला रोग विरुद्धको खोप लगाइन्छ । आ-आफ्नो बालबालिकालाई नजिकैको खोप केन्द्रमा लगेर दादुरा रुवेला खोप लगाउन हुन अनुरोध छ । साथै जन्मदेखि **५ वर्ष मुनिका** बालबालिकाहरुलाई पोलियो थोपा समेत खुवाऔं ।

**दादुरा रुवेला खोप अभियान संचालन हुने चरण र मिति**

**पहिलो चरण**

**(२०७६ फाल्गुन १ गतेदेखि २०७६ फाल्गुन ९ गतेसम्म)**
राजविराज नगरपालिका, कञ्चनरुप नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, महादेवा गाउँपालिका, सप्तकोशी नगरपालिका, तिरहुत गाउँपालिका र तिलाठी कोइलाडी गाउँपालिका

**दोश्रो चरण**

**(२०७६ फाल्गुन ११ गतेदेखि २०७६ फाल्गुन १९ गतेसम्म)**
डाक्नेश्वरी नगरपालिका, राजगढ गाउँपालिका, छिन्नमस्ता गाउँपालिका र विष्णुपुर गाउँपालिकामा

**तेश्रो चरण**

**(२०७६ फाल्गुन २१ गतेदेखि २०७६ फाल्गुन २९ गतेसम्म)**
बोदेवर्साइन नगरपालिका, खडक नगरपालिका, शम्भुनाथ नगरपालिका, सुरुङ्गा नगरपालिका, अग्निसाईर कृष्णासवरण गाउँपालिका, बलान विहुल गाउँपालिका र रुपनी गाउँपालिका

**जिल्ला खोप समन्वय समिति**
**स्वास्थ्य कार्यालय, सप्तरी**




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit | WESTERN UNION MONEY TRANSFER | Best Remit Quick & Easy | PRABHU Money Transfer | CITY EXPRESS | IME International Money Express | IME pay wallet | himal remit हिमालरेमिट | CG Money | MoneyGram money transfer

## सम्पादकीय ....

# समस्यै समस्यासँग जुध्दै कारागार

यतिबेला बिभिन्न समस्यासँग राजविराजस्थित कारागार जुध्दै छन् । जग्गा अतिक्रमण, फोहोरको डंगुर, जिर्ण भवन र क्षमता भन्दा बढी कैदीबन्दीका कारण राजविराज कारागार ठुलो समस्या फसेको छ । यि समस्याहरुसँग जुध्दै आईरहेको कारागारमा जनशक्तिको समेत समस्या छ ।

कारागारलाई व्यवस्थित रुपमा सञ्चालन गर्न जनशक्ति अभाव भएपछि कैदबन्दीको समस्या सुनुवाई गर्न कठिनाई भईरहेको छ। मुलुकको बिभिन्न कारागारहरुबाट कैदीबन्दीहरुले सुरुङ खन्ने भागिरहेको अवस्थामा राजविराज कारागारमा देखिएको कर्मचार आभावले समस्या झन जटिल बन्दै गएको छ ।

कारागारमा जनशक्तिको आभावसँगै प्रशासनिक काम प्रभाबित हुदै आएको छ । कारागार बिभागको उदासिनताले कारागारमा कर्मचारी रितिदै गएको छ । स्वास्थ्यकर्मी सहित चार जनाको दरबन्दी रहेको यो कारागारमा अहिले तीन जनाले कारागारको काम गर्दै आएको छ । कारागार जस्तो संबेदनशील ठाउँमा कर्मचारीको आभाव हुनु दःखको कुरा हो । तसर्थ सम्बन्धित निकायले अबिलम्ब कारागारमा आवश्यक जनशक्तिको व्यवस्था गर्नु जरुरी छ । अन्यथा राजविराज कारागार अझै समस्याको भुमरीमा फस्ने निश्चित छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट
आइसियु स्पेसिलिष्ट र पेन फिजिसिएन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# दुई महिना भित्रै हाटीमा पुर्ण सरसफाई उन्मुख बस्ती घोषणा हुने

**चन्दन कुमार यादव**
**राजविराज, २६ माघ ।**

जिल्ला समन्वय समितिका सप्तरीका प्रमुख प्रभाकर यादबले छिन्नमस्ता गाउपालीका ७ लाई दुई महिना भित्र नमुना उन्मुख बस्ती घोषणा गर्ने बताउनु भएको छ ।



आईतवार छिनमस्ता वडा ७ लाई पुर्ण सरसफाई उन्मुख बस्ती घोषणका लागि आयोजित पुर्ण सरसफाई तथा अभिमुखिकरण कार्यक्रममा सो कुरा बताउनु भएको हो ।

उनले भने छिन्मस्ता गाउपालीकालाई पुर्ण सरसफाई उन्मुख बस्ती, घोषणा गर्ने लक्ष्य रहेको हाटीलाई सरफाई उन्मुख नमुना बस्ती बनाउन सक्दो सहयोग गर्ने प्रतिबधता देखाउनु भएको छ ।

प्रमुख यादबको पैतृक गाउँ समेत रहेको यस वडामा तीन वटा कल्स्टर मध्ये हाटीको यादब टोलका ४० घरधुरीमा सरसफाई अभिमुखिकरण कार्यक्रम गरेको सबल नेपालका प्रमेश्वर झाले बताए ।

सो बस्तीमा पुर्ण सरसफाईका ७ वटा सुचक अनुसार चर्पीको समुचित प्रयोग, व्यक्तिगत सरसफाई, सुरक्षित पानीमा पहुँच, सुरक्षित खानाको प्रयोग, घरायसी तथा संस्थागत सरसफाई, वातावरणिय सरसफाइ ) मा सक्रिय बनाउन अभिमुखिकरण कार्यक्रमहरू संचालनमा ल्याएको सबल नेपालका फिल्ड अफिसर देवेश चौधरीले जानकारी दिए ।

हाटीलाई नमुना बस्तीका लागि वस्तीहरु छनोट गरी वडा स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितिद्वारा छनोट भई उक्त वस्तीहरुमा विभिन्न समुहहरु गठन गरी कार्यक्रम संचालन गरेको सबल नेपालका प्रमेश्वर झाले बताए ।

छिनमस्ता गाउपालीका ७ हाटीका वडा अध्यक्ष प्रमिला यादबले हाटीको पहिलो चरणमा यादब टोलका ४० घरधुरीलाई सफा स्वच्छ बस्ती बनाउनका लागि टोलको वाटो घाटो सरसफाई गर्ने, चर्पी प्रयोग नभएको प्रत्येक घरधुरीमा अनुगमन गर्न घरदैलो गर्ने बताईन,।

उनले भनिन प्रत्येक घरमा भाँडो सुकाउने रयाक निर्माण गर्नुपर्ने, विभिन्न फोहोरहरु लाई कुहिने र नकुहिने छुटयाई व्यवस्थापन गरेको हुनुपर्ने र विभिन्न प्लास्टिक जन्य फोहोरलाई एक ठाँउमा जम्मा गरी विभिन्न सामाग्रीहरु बनाई प्रयोग ल्याएमा वडालाई सरसफाई उन्मुख बस्ती घोषणा गर्ने योजना रहेको बताईन।

चर्पीमै नियमित दिसा पिसाव गर्ने, जोखिमपुर्ण अवस्थामा साबुनपानीले हात धुने, महिनावारी व्यवस्थापन, सुरक्षित खाना इत्यादि बारे जानकारी पाई सोही, अनुसार व्यवस्थापन गर्ने र घर आँगन वरीपरी नियमित सरसफाई गर्न अभिमुखिकरण सरसफाई अभियान सुरू गरेको सबल नेपालका प्रमेश्वर झाले बताए ।

एसएनभि नेपालको सहयोगमा ‘सबल नेपाल ले सबैको लागि दिगो सरसफाई कार्यक्रम’ अन्तर्गत छिन्नमस्ता गाँउपालीकाको वडा नं ७ का तिनवटा बस्तीमा मा कार्यक्रम संचालनमा रहेको संयोजक प्रमेश्वर झाले जानकारी दिएका छुन ।

सरसफाई अभियानमा छिन्मस्ता गाउपालीका वडा ७ का वडा सदस्य बिन्देश्वर यादब, भुपेन्द्र यादब, शत्रुघन यादब, उषा रजक, सखडा प्रहरी चौकीका सई लक्ष्मण आलेमगर पत्रकार शुभनारायण यादब लगायत स्थानियहरूको सहभागिता रहेको थियो ।

# हात्ती सफारी र डुङ्गाबाट आनन्द उठाउँदै पर्यटक

इनरुवा, २६ माघ (रासस) ।

नेपाल भ्रमण वर्ष सन् २०२० मा लिइएको लक्ष्य पूरा गर्न सुनसरीको कोशी गाउँपालिका-३ कोशी टप्पु वन्यजन्तु आरक्ष कार्यालयको छेउमा आयोजना गरिएको कोशी पर्यटन महोत्सवमा आन्तरिक तथा बाह्य पर्यटकले हात्ती सफारी र बोटिङको आनन्द लिइरहेका छन् ।

महोत्सवमा दैनिक रुपमा हात्ती सफारी र बोटिङ गर्नका लागि एक हजारभन्दा बढीको सङ्ख्यामा आन्तरिक तथा बाह्य पर्यटक आउने गरेका बताइएको छ । गाउँपालिकाले ५० हजारदेखि एक लाख पर्यटक भित्र्याउने लक्ष्यका साथ आयोजना गरेको सो महोत्सवले उल्लेख्य मात्रामा आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन सफल भएको गाउँपालिकाका अध्यक्ष अयुव अंसारीले बताउनुभयो ।

भ्रमण वर्षमा सङ्घीय सरकारले २० लाख र प्रदेश नं १ सरकारले लिएको पाँच लाख पर्यटक भित्र्याउने लक्ष्य पुऱ्याउन महोत्सवको आयोजना गरिएको उहाँको भनाइ छ । नेपाल भ्रमण वर्षको लक्ष्य हासिल गर्न, आन्तरिक तथा बाह्य पर्यटन अभिवृद्धि गर्न, कोशी टप्पुलाई उत्कृष्ट पर्यटनस्थलका रूपमा चिनाउन, पर्यटन पूर्वाधार निर्माण गर्न, प्राकृतिक सम्पदाको पहिचान र व्यवस्थापन गर्न, सांस्कृतिक सम्पदाको संरक्षण संवर्द्धन गर्न महोत्सव आयोजना गरिएको अध्यक्ष अंसारीले बताउनुभयो ।

कोशी टप्पुको पहिचान झल्काउने उद्देश्यले मुख्यमन्त्री शेरधन राई, उद्योग पर्यटन वन तथा वतावरणमन्त्री जग्दीशप्रसाद कुशियैत लगायतलाई हात्ती सफारी गराइएको उहाँले जानकारी दिनुभयो ।

यही माघ १९ देखि शुरु भएको महोत्सव यही माघ २९ गतेसम्म चल्ने आयोजकले जनाएको छ । महोत्सवमा प्रत्येक दिन राति तथा दिउँसो विभिन्न किसिमका कार्यक्रमसमेत हुने गरेका आयोजकले जनाएको छ ।

# ओमान सँग नेपाल ८ बिकेटले पराजित

**दैनिक समाचरादाता**
**काठमाडौं, २६ माघ ।**

आईसीसी विश्वकप लिग-२ अन्तर्गत ओमानसँग नेपाल आठ विकेटले पराजित भएका छन।

ओमान लाई नेपालले दुई सय ५० रनको लक्ष्य दिएपछि ओमानले ४७ दशमलव २ ओभरमा दुई विकेट गुमाउँदै पूरा गरेको थियो ।

ओमानले लगातार तेस्रो जीत निकाले पछि तालिकाको शीर्ष स्थानमा पनि उक्लिएका छन, भने नेपालले अब अन्तिम खेलमा बुधबार अमेरिकासँग खेल्ने छन ।

ओमानको जितमा अकिब इलियस र जिसन मक्सुदले उत्कृष्ट पारी खेलेका थिए भने इलियसले शतक बनाउँदा मक्सुदले अर्धशतक बनाएका थिए ।

पहिलो विकेट ४९ रनमा गुमाएको ओमानले दोस्रो विकेट ८३ रनमा गुमाएको थियो । जसमा ओमानका जतिन्दर सिंह व्यक्तिगत २३ रन बनाएर कुशल मल्लको बलमा आउट भएका थिए भने ४१ रन बनाएका खवार अलिलाई पनि सुशन भारीले पेभेलियनको बाटो देखाएका थिए ।

त्यसपछि क्रिजमा इलियस र मक्सुदले उत्कृष्ट साझेदारी गर्दै ओमानलाई जित दिलाउन महत्वपूर्ण भूमिका निर्वाह गरे । इलियसले १ सय २ बलमा शतक पूरा गरेका थिए ।

खेलको अन्तिम सम्म क्रिजमा रहेका इलियसले अविजित १ सय ८ रन बनाउँदा मक्सुद पनि ६८ रनमा अविजित रहे ।

नेपालका तर्फबाट सात जनाले बलिङ गरे पनि दुई सय ५० रनको लक्ष्य पछ्याएको ओमानलाई रोक्न सकेन।

टस हारेर पहिला ब्याटिङ गरेको नेपालले निर्धारित ओभरमा ८ विकेट गुमाएर २ सय ४९ रन बनाएको थियो । नेपालका लागि कप्तान ज्ञानेन्द्र मल्लले अर्धशतकीय पारी खेले । उनी ५६ रन बनाएर आउट भएका थिए ।

यसैगरी पारस खड्काले ३८ रन बनाउँदा विनोद भण्डारीले ३५ रन जोडे । यस्तै कुशल मल्ल र आरिफ शेखले समान २८-२८ रन बनाउँदा ओपनर सुवास खकुरेलले २२ रनको योगदान गरेका थिए ।

करण केसी १० रनमा आउट हुँदा सन्दीप लामिछाने १० रनमा अविजित रहे भने यो खेलमा डेब्यू गरेका कमलसिंह ऐरी ९ रनमा अविजित रहे । यो खेलमा दीपेन्द्रसिंह ऐरीले भने रनको खाता नै खोल्न सकेनन् ।

**ओमानविरुद्ध नेपाली बलर**

ओमानविरुद्ध नेपालले ७ जना बलर लगाएको थियो । जसमा करण केसीले ९ ओभर बलिङ गर्दा १ ओभर मेडन राख्दै ४४ रन खर्चिए । सन्दीप लामिछानेले ८ ओभर बलिङ गर्दा ४४ रन दिएका थिए ।

कमलसिंह ऐरीले ४ ओभर बलिङ गर्दा २९ रन दिए । सुशन भारीले ७ दशमलव २ ओभरमा ४१ रन खर्चिंदै १ विकेट लिएका थिए । कुशल मल्लले ८ ओभर बलिङ गर्दा १ ओभर मेडन राखेर २५ रन खर्चिदै १ विकेट लिए ।

त्यस्तै पारस खड्काले ७ ओभरमा २५ रन खर्चिंदा दीपेन्द्रसिंह ऐरीले १ ओभरमा ७ रन दिए ।

# तिरहुत गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय गोइठी, सप्तरी
# प्रदेश नं.२, नेपाल

आ.ब. २०७६/७७ मा यस तिरहुत गाउँपालिकाको गाउँ सभाबाट पारित गाउँपालिका तथा वडा स्तरिय विकास योजनाका कार्यक्रमहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने भएकोले तपशिलमा उल्लेखित कार्यक्रम अनुसार सो योजना कार्यान्वयन हुने क्षेत्रको लाभग्राही बुद्धिजिवि, उपलब्ध प्रस्थित व्यक्तिगतहरुलाई सो स्थान र समयमा उपस्थित भई उपभोक्ता समिति तथा अनुगमन समिति गठनमा सहयोग गरिदिनु हुन अनुरोध छ ।

***तपसिल***

तिरहुत गाउपालिका वडा नं.:०१ (८०२१५५०३२०१):वडा स्तरीय योजना

| खर्च शिर्षक नं. | खर्च शिर्षकको नाम | विनियोजित रकम | उपभोक्ता समिति गठन हुने मिति | स्थान | समय |
|---|---|---|---|---|---|
| १ | मूल सडक देखी पश्चिम राम टोल सम्म माटो र ग्राभेल गर्ने कार्य | २०००००।०० | २०७६।११।११ | रा.प्रा.वि. त्रिकौल ४ | ११:०० बजे |
| २ | दिलीप गोईत घर देखी मुल सडक सम्म माटो र ग्राभेल गर्ने कार्य | २०००००।०० | २०७६।११।१३ | रा.प्रा.वि. त्रिकौल ४ | ११:०० बजे |
| ३ | बद्री गोईत घर देखी शिवनारायण गोईत घर सम्म सडकमा माटो र ग्राभेल गर्ने कार्य | २५००००।०० | २०७६।११।१७ | रा.प्रा.वि. त्रिकौल ४ | ११:०० बजे |
| ४ | मुल सडक देखी रामदेव घर सम्म ह्युमपाईप तथा माटो ग्राभेल गर्ने कार्य | ३५००००।०० | २०७६।११।१५ | स्वास्थ्य चौकी त्रिकौल | ११:०० बजे |
| ५ | मूल सडक देखी विजय घर सम्म सडकमा माटो ग्राभेल गर्ने कार्य | ३०००००।०० | २०७६।११।१३ | स्वास्थ्य चौकी त्रिकौल | ११:०० बजे |
| ६ | मूल सडक देखी बुधराम घर सम्म माटो र ग्राभेल तथा ह्युमपाईप जडान गर्ने कार्य | ४०००००।०० | २०७६।११।११ | स्वास्थ्य चौकी त्रिकौल | ११:०० बजे |
| ७ | मूल सडक देखी रामअवतार घर सम्म माटो र ग्राभेल तथा ह्यससमपाईप जडान गर्ने कार्य | १५००००।०० | २०७६।११।१३ | स्वास्थ्य चौकी त्रिकौल | ११:०० बजे |
| ८ | मूल सडक देखी देवु शर्मा घर सम्म सडकमा माटो तथा ग्राभेल तथा ह्युमपाईप जडान गर्ने कार्य | १५००००।०० | २०७६।११।१५ | स्वास्थ्य चौकी त्रिकौल | ११:०० बजे |
| ९ | हरेराम घर देखी नहर सम्म सडकमा माटो ग्राभेल र मर्मत संभार गर्ने कार्य | ९०००००।०० | २०७६।११।१७ | स्वास्थ्य चौकी त्रिकौल | ११:०० बजे |
| १० | डिहिवार बाबाको प्रांगणमा अधुरो मण्डपको काम पुरा गर्ने | ९०००००।०० | २०७६।११।१७ | वडा कार्यालय | ११:०० बजे |
| ११ | बांध देखी बैजनाथ घर सम्म सडकमा माटो ग्राभेल तथा ह्युमपाईप जडान गर्ने कार्य | २०००००।०० | २०७६।११।१७ | रा.प्रा.वि.प्रसैला टोला धनपुरी | १२:०० बजे |
| १२ | सिदिक हाजी कवरगाह अधुरोलाई पुरा गर्ने कार्य | २०००००।०० | २०७६।११।१९ | वडा कार्यालय | ११:०० बजे |
| १३ | पलार देखी राम टोल हुंदै वडा कार्यालय सम्म माटो ग्राभेल तथा ह्युमपाईप जडान गर्ने कार्य | २१०००००।०० | २०७६।११।१९ | वडा कार्यालय | १२:०० बजे |
| १४ | गोहिवार घरको नजिक पुरोनो ट्रान्सफरमर जडान गर्ने कार्य | १०००००।०० | २०७६।११।१९ | वडा कार्यालय | १२:०० बजे |

तिरहुत गाउपालिका वडा नं.:०१ (८०२१५५०३१०१):गा.पा. स्तरीय योजना

| खर्च शिर्षक नं. | खर्च शिर्षकको नाम | विनियोजित रकम | उपभोक्ता समिति गठन हुने मिति | स्थान | समय |
|---|---|---|---|---|---|
| १५ | वडा नं.०१मा मूल सडक देखी शोभाकान्त नरसरियाको घर सम्म सडकमा माटो तथा ग्राभेल गर्ने कार्य | १००००००।०० | २०७६।११।२१ | रा.प्रा.वि प्रसैला टोला | ११:०० बजे |
| १६ | वडा नं.०१मा मुल सडक देखी अनुरूद्र भिन्दवार घर सम्म अधुरो सडकमा ग्राभेल तथा ह्युमपाईप पुरा गर्ने कार्य | ५०००००।०० | २०७६।११।२१ | स्वास्थ्य चौकी त्रिकौल | ०१:०० |
| १७ | वडा नं.०१मा मुर्ति घर देखी विन्देश्वर गोहित्मान घर सम्म सडकमा माटो ग्राभेल तथा ह्युमपाईप जडान गर्ने कार्य | ३५००००।०० | २०७६।११।२१ | स्वास्थ्य चौकी त्रिकौल | ०३:०० |
| १८ | वडा नं.०१मा मूल सडक देखी शोशिन्दर घर हुंदै हजरा घर सम्म सडकमा माटो ग्राभेल तथा ह्युमपाईप जडान गर्ने कार्य | १००००००।०० | २०७६।११।२३ | स्वास्थ्य चौकी त्रिकौल | १२:०० बजे |
| १९ | वडा नं.०१मा मूल सडक देखी अशेश्वर बडियैत घर सम्म र विराजी घर देखी बुधेश्वर खंग घर सम्म सडकमा माटो ग्राभेल तथा ह्युमपाईप जडान गर्ने कार्य | ६०००००।०० | २०७६।११।२३ | स्वास्थ्य चौकी त्रिकौल | ०२:०० |
| २० | वडा नं.०१मा झमेली घर देखी जमुवा सम्म सडकमा माटो ग्राभेल मर्मत संभार तथा ह्युमपाईप जडान गर्ने कार्य | १५०००००।०० | २०७६।११।२३ | स्वास्थ्य चौकी त्रिकौल | ०३:०० |
| २१ | वडा नं.०१मा कमल शर्माको घर देखी मूल सडक सम्मको सडकमा माटो ग्राभेल तथा ह्युमपाईप जडान गर्ने कार्य | ८०००००।०० | २०७६।११।२५ | रा.प्रा.वि.त्रिकौल | १२:०० बजे |
| २२ | वडा नं.०१मा मूल सडक गोहिवार घर देखी घोघर घर सम्म अधुरो सडकमा माटो ग्राभेल ह्युमपाईप कल्भर्ट निर्माण गर्ने कार्य | १००००००।०० | २०७६।११।२५ | सन्यासी वावा स्थान | ०१:०० |
| २३ | वडा नं.०१मा ट्युवेल पाईप खरिद गरी जडान गर्ने कार्य | १००००००।०० | २०७६।११।२५ | वडा कार्यालय | ०२:०० |
| २४ | वडा नं.०१मा मुल सडक शाखा सडकहरूमा ह्युमपाईप खरिद गरी जडान गर्ने कार्य | २५००००।०० | २०७६।११।२५ | वडा कार्यालय | ११:०० बजे |

## *बिकास...*

दिनुहुँदै स्थानिय तहका जनप्रतिनिधिहरूले बिकास भन्दा उपभोक्ता समिति बनाउने तर्फ सक्रिय भएकोले उपभोक्ता भन्दा बिकास प्रति सबैले समर्पित हनु आबश्यक रहेको औल्याउनुभयो ।

बिकास भन्दा पहिला सबैले आफनो बिचार, सोच र मानसिकतामा परिवर्तन गरेमा आफै बिकास हुने तर्क गर्नुहुँदै अध्यक्ष यादवले विकास र सम्बृद्धिका लागि सबैको साझा संकल्प हुनु जरुरी छ । राजविराजस्थित गजेन्द्र नारायण सिंह सगरमाथा अञ्चल अस्पतालमा क्रमिक रूपमा परिवर्तन हुँदै गएकोले अस्पताल चाँडै सुबिधा सम्पन्न हुने योजना भईसकेको बताउनुभयो ।

रामराजा स्वास्थ बिज्ञान प्रतिष्ठान संचालनका लागि तत्काल ६५ बिगाहा जग्गा प्रर्याप्त रहेकोले उक्त जग्गा स्वास्थ बिज्ञान प्रतिष्ठानको नाममा आएपछि काम अगाडि बढने दाबी समेत उहाँले गर्नुभयो ।

भारत र कतार सरकारले स्वास्थ बिज्ञान प्रतिष्ठान निमार्ण गर्न खर्बौ लगानी लगाउन गर्न तयार रहेकोले प्रतिष्ठानको नाममा जग्गा आउन बितिकै काम सुरू हुने जानकारी दिनुभयो । जिल्ला सहित नगरको बिकासको लागि व्यापार र उधोग बिना सम्भव नरहेकोले व्यापार, उधोगको बिकास तर्फ स्थानिय निकाय लगानी गर्नुपर्ने बताउनुभयो ।

भारत सरकारको सहयोगमा निर्माधिण छात्रावासको निर्माण कार्य अगाडि बढाउनु पर्ने बताउनुहुँदै अध्यक्ष यादवले राजविराजको छात्रावासलाई ब्यबस्थित गर्न नरसिंह कलेज निर्माण गर्नु आबश्यक रहेको बताउनुभयो । सप्तरीमा गरिबी, बेरोजगार, कुपोषण वाट ग्रसित समस्याहरूको समाधानका लागी नागरिक सचेतना आबश्यक रहेको उल्लेख गर्नुभयो ।

समाजवादी पार्टी जिल्ला समन्वय समिति सप्तरीद्वारा आयोजित कार्यक्रममा जिल्ला अध्यक्ष केदार यादब, राजबिराज नगरपालिका प्रमुख शंभु प्रसाद यादब, प्रदेश समिति सचिव दिनेश कुमार यादब, सदस्य युसुफ अली, किरण साह, राजबिराज नगर समिति अध्यक्ष भिमराज यादब लगायतको उपस्थिति रहेको थियो ।

## विश्व समाचार

### दिल्लीको वायु प्रदूषणस्तर 'अत्यन्त कमजोर'

नयाँ दिल्ली, २५ माघ (रासस/एएनआई) ।

भारतको राजधानी नयाँ दिल्लीको वायु प्रदूषण स्तर 'अत्यन्त कमजोर' बन्दै गइरहेको वायु गुणस्तर र मौसम पूर्वानुमान तथा अनुसन्धान केन्द्रले आइतबार बताएको छ । दिल्लीमा वायु गुणस्तर सूचकाङ्क उक्त क्षेत्रको औसत ३०१ अङ्कमा पुगेको देखिएको छ ।

त्यस्तै दिल्लीसँगै जोडिएको उत्तर प्रदेशको नोएडाको आसपासमा वायुको प्रदूषण दिल्लीको भन्दा अझ बढी रहेको केन्द्रले जनाएको छ । नोएडामा वायुको गुणस्तर सूचकाङ्क ३१९ पुगेको जनाइएको छ । केन्द्रका अनुसार वायुको गुणस्तर शुन्यदेखि ५१ अङ्कसम्म भएमा राम्रो, ५१-१०० सम्म सन्तोषजनक, १०१-२०० सम्म मध्यम र २०१-३०० सम्मलाई कमजोर मानिन्छ । त्यस्तै ३०१-४०० सम्म अत्यन्त कमजोर ४०१-५०० अङ्कलाई चिन्ताजनक वा खतराजन्य मानिने केन्द्रले जनाएको छ ।

भारतीय मौसम विज्ञान विभाग (आइएमडी)ले हावाको गुणस्तर फेब्रुअरी १० मा यस बर्षको सबैभन्दा उच्च विन्दुमा पुग्ने र त्यसपछि क्रमशः यसमा सुधार आउने केन्द्रले उल्लेख गरेको छ ।

प्रदूषणको प्रमुख स्रोत, पीएम २.५ र पीएम १०, क्रमशः २०३ र २१४ पुगेको छ । यी दुबै विन्दु 'कमजोर' गुणस्तरलाई जनाउँछ । लोधी सडक खण्डमा वायुको गुणस्तर नयाँ दिल्ली क्षेत्रमा सबैभन्दा कमजोर अवस्थामा रहेको वायु प्रदूषण सुचकाङ्क तथ्याङ्कले देखाएको छ ।

दिल्लीको प्रसिद्ध बजार क्षेत्र चाँदनी चोकमा 'निकै कमजोर' ३३६ अङ्कमा पुगेको छ भने मथुरा रोडमा ३१५ अङ्कमा पुगेको वायु गुणस्तर र मौसम पूर्वानुमान तथा अनुसन्धान केन्द्रले जनाएको छ ।

### सैनिक कमान्डोको गोलीबाट २६ सर्वसाधारणको मृत्यु, ५७ घाइते

बैङ्कक, २६ माघ (रासस/सिन्ह्वा) ।

थाइल्याण्डका प्रधानमन्त्री प्रयुत चान ओचाले देशको उत्तरपूर्वी क्षेत्रमा एक जना सैनिक जवानले अन्धाधुन्ध चलाएको गोली लागेर २६ जना सर्वसाधारणको मृत्यु भएको पुष्टि गर्नुभएको छ ।

उहाँले आइतबार दिएको जानकारी अनुसार शनिबार भएको उक्त घटनामा अरु ५७ जना घाइते भएका छन् । उक्त घटनमा गोली चलाउने सैनिकको पनि मृत्यु भएको छ ।

देशको नाकोर्न रात्चासिमा सहरमा रहेको एउटा किनमेल केन्द्र (सपिङ मल) मा एक जना मानसिक अस्वस्थ सैनिक कमान्डोले अन्धाधुन्ध गोली चलाएका थिए ।

ती सैनिकले ब्यारेकबाट एउटा स्वचालित हतियार 'हुम्वी' चोरेर शहर पसेको र अन्धाधुन्ध गोली चलाएको थाई स्थानीय प्रहरीलाई उद्धृत गर्दै सञ्चारमाध्यमले समाचार सम्प्रेषण गरेका छन् । प्राप्त जानकारीमा आक्रमणकारी भनिएका ती सैनिकले गाली चलाउँदै व्यापारिक भवनमा छिरेका र त्यहाँ एउटा आफ्नो तस्वीर 'सेल्फी' खिचेर सामाजिक सञ्जाल फेसबुकमा राखेको पनि प्रहरीले बताएको छ ।

नेपाल सरकार
भूमि सुधार तथा व्यवस्था मन्त्रालय
भूमि सुधार तथा व्यवस्थापन विभाग

## मालपोत कार्यालय सप्तरी, राजविराज

**विषय :- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना**

...... दर्ता रहेको साविक **कोइलाडी** मौजा रै नं. **१६८** हाल तपसिल बमोजिम नापी भएको जग्गा **लगत कायम नामसारी** गरी प्रमाण पुर्जा पाँउ भन्ने गा.वि.स./नपा **कोइलाडी** वर्डा नं.**३** वस्ने श्री **नन्द किशोर मण्डल** को द.न.**७८५५** मिति **२०७६/०९/२२** मा निवेदन परी **३५ दिने** सार्वजनिक सुचना प्रकाशित गर्ने मिती **२०७६/०८/२५** मा आदेश भए अनूरुप यो **३५ (पैतिस)** दिने सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा जग्गा दर्ता नामसारी थर वतन संशोधन गर्दा कसैको हक जाने छ भने सूचना प्रकाशित भएको मितीले **३५ (पैतिस)** दिन भित्र सप्रमाण यस कार्यलयमा आई उजुरी गर्नू होला । म्याद भित्र कसैको दाबी उजुरी पर्न नआएमा निवेदकको माग दावी बमोजिम **लगत कायम नामसारी** गर्ने तर्फ कानुन बमोजिम कार्यवाही भै जाने छ । यस सम्बन्धमा पछि कुनै  पनि उजुरी दावी नलाग्ने व्योहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।


तपसिल

गा.बि.स /न.पा. | वार्ड नं. | कि.नं. | क्षेत्रफल | साविक दर्तावाला | कैफियत

कोइलाडी 3 २१८ १५२४ ५० ०-०-१३ फुलकिर्ति मण्डल १६८
" 3 २१८ १५२४ ५० ०-०-८ " " १६८
" 3 २१८ १५२५ ५० ०-०-१६ " " १६८
" 3 २१८ १५२६ ५० ०-०-३ " " १६८
" 3 २१८ १५२८ ५० ०-०-१३ " " १६८
" 3 २१८ १५२९ ५० ०-०-४ " " १६८
" 3 २१८ १५३० ५० ०-०-७ " " १६८

०७६।०९।२२

# कार्यकर्ता रिहाईको माग गर्दै राजविराजमा काँग्रेसको प्रदर्शन

**दैनिक समाचारादाता**
**राजविराज, २६ माघ ।**

नेपाली काँग्रेस सप्तरीले आफ्ना निर्दोष कार्यकर्तालाई झुठा मुद्दा लगाई पक्राउ गरिएको भन्दै राजविराजमा विरोध प्रदर्शन गरेको छ ।

आईतवार नेपाली काँग्रेस सप्तरीका सभापति दिनेश कुमार यादवको अगुवाईमा राजविराज विभिन्न ठाउँमा प्रदर्शन गर्दै पक्राउ गरिएको कार्यकर्ताको रिहाइ माग गरेका छन् । उक्त विरोध प्रदर्शनमा प्रदेश सभा सदस्य मो. समिम,




सचिव रामकुमार यादव, विष्णुपुर तथा राजगढ गाउँपालिकाका प्रमुख सहितको सहभागिता रहेको थियो ।

पार्टी कार्यालय राजविराजबाट निस्केको जुलुस पक्राउ परेका कार्यकर्ताको रिहाई माग्दै बजार क्षेत्रमा प्रदर्शन गर्दै जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयमा ज्ञापन पत्र बुझाएका थिए ।

गत माघ २१ गते डाक्नेश्वरी नगरपालिकाका प्रमुख शिवनारायण साह सहित केही कर्मचारी माथि हातपात गरेको आरोपमा प्रहरीले सोही नगरपालिकाका निवासी अमरेन्द्र कुमार यादव, अर्जुन कुमार यादव र राजिव कुमार रायलाई पक्राउ गरेको थियो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार उनीहरुमाथि अमानविय व्यवहार अन्तर्गत मुद्दा चलाइएको बताएका छन् ।

नेपाली काँग्रेस जिल्ला सभापति दिनेश यादवले आफ्ना कार्यकर्ता डाक्नेश्वरी नगरपालिकाका प्रमुख साहलाई भेट्न जाँदा उपप्रमुखका पति ओम प्रकाश यादवले आफ्ना कार्यकर्ता माथि दुर्व्यवहार गरेको तथा फसाउने नियतले उल्टै प्रहरीमा झुठो उजुरी दिएको दावी गरेका छन् ।

# फुटबलमा गोलबजार बिजयी

**दैनिक समाचारादाता**
**राजविराज, २६ माघ ।**

सप्तरीको खडक नगरपालिका १० डंगराहीस्थित खेलमैदानमा सञ्चालित दशौं पचशिल्ड फुटबल प्रतियोगितामा गोलबजार स्पोर्टस क्लब गोलबजार सिरहा बिजयी भएको छ ।

प्रतियोगिताको आईतवार सम्पन्न खेलमा मोतिगाढा स्पोर्टस क्लब मोतिगाढा उदयपुरलाई एकका बिरुद्ध पाँच गोल अन्तरले पराजित गर्दै गोलबजार बिजयी भएको हो ।

बजरंग युवा क्लब डंगराहीको आयोजनामा शुरु भएको प्रतियोगिता अन्तर्गत सोमवारको खेल सुन्दरपुर फुटबल टीम सुन्दरपुर उदयपुर र लालपट्टी फुटबल क्लब लालपट्टी सप्तरीबीच हुने आयोजक क्लबका अध्यक्ष सुनिलकुमार चौधरीले जानकारी दिनुभयो ।

सप्तरी, सिरहा, उदयपुर र सुनसरीका बिभिन्न ८ क्लबको सहभागिता रहेको सो प्रतियोगिताको फाइनल फागुन ५ गते हुने आयोजकले जनाएको छ ।

प्रतियोगिताका बिजेताले नगद रु. ३५ हजार र कप हात पार्ने छ भने उपबिजेताले नगद रु. २५ हजार पाउने आयोजकले जनाएको छ ।

## *रामराजा...*

विघटन गरी बरु सहयोग समितिमा परिणत गर्नुस्, मेरो आग्रह छ ।' संघका अध्यक्ष सुरेश सिंहको अध्यक्षतामा आयोजित कार्यक्रममा सांसद सरिता गिरी, प्रदेश सभा सदस्य गोविन्द न्यौपाने, राजविराज नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादव, नागरिक सञ्जाल सप्तरीका अध्यक्ष सुखराम यादव, उद्योग वाणिज्य संघ सप्तरीका उपाध्यक्ष शंकर दास, पशुपंछी व्यवसायी संघ प्रदेश २ का अध्यक्ष रामकृष्ण दास लगायतले पनि बोल्दै सप्तरीवासीमा प्रतिष्ठान स्थापना बारे रहेको विभिन्न अन्यौलता बारे आ-आफ्नो धारणा राखेका थिए ।

मन्त्री परिषदको २०७५ पुस २३ गतेको बैठकले सप्तरीको राजविराजमा प्रतिष्ठान स्थापना गर्ने निर्णय गरेको थियो । जसका लागि आवश्यक पर्ने ६२ विघा जग्गा समेत राजविराज नगरपालिकाले वडा नं १० मा निःशुल्क उपलब्ध गराइसकेको छ ।

# राजबिराजमा सवारी दुर्घटना न्युनिकरणका लागि जनचेतना

**दैनिक समाचारादाता**
**राजविराज, २६ माघ ।**

सवारी दुर्घटना न्यूनिकरण गर्नका लागी राजबिराज ट्राफिक जनचेतना मुलक कार्यक्रमको आयोजना गरिएको छ ।

आईतवार राजबिराज स्थित जिल्ला समन्वय समिति को सभाहलमा आयोजित कार्यक्रममा प्रदेश २ ट्राफिक कार्यालय बारा पथलैयाका प्रहरी उपरिक्षक श्याकुमार महतोले दुर्घटना न्युनिकरण गर्न सर्तकता अपनाउनुपर्नेमा जोड दिएका छन ।

उनले भने राजमार्ग सहित सप्तरीका लामो तथा छोटो दुरीका चलाकहरूको लापरवाहीका कारण सानो तथा दुर्घटना हुने गरेको बताउनु भयो ।



राजमार्गमा ओभर एस्पिड, ओभर टयाक, र गाडी चलाउदा मोवाईल फोन प्रयोग गर्नाले दुर्घटना हुने गरेकोले यस्ता कुरामा सचेत भएर गाडी गन्तब्य सम्म पुरयाउन सुझाव दिनुभएको छ ।

उक्त अवसरमा सगरमाथा यातायात प्रालि, विँगर प्रालि, टेम्पु तथा छोटो सानो दुरीका सवारी चालक, धनीहरूको सहभागीता रहेको राजबिराज ट्राफिक कार्यालयका ईन्चार्ज नन्दकिसोर मण्डलले जानकारी दिएका छन ।













**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*